# स्वास्थ्य सेवा आर्थिक सहयोग नीति (Healthcare Financial Assistance Policy) को सरल भाषामा सारांश

## सिंहावलोकन

Bon Secours Mercy Health आफ्नो मिशनको प्रकाशमा, आफ्नो समुदायको स्वास्थ्यमा सुधार गर्न, गरिब र कम सेवा प्राप्त गर्नेहरूलाई विशेष जोड दिंदै, र येशू (Jesus) को निको पार्ने मन्त्रालयको भावनामा, यसका बिरामीहरूलाई आर्थिक सहयोग प्रदान गर्न प्रतिबद्ध छ। यो Bon Secours Mercy Health स्वास्थ्य सेवा आर्थिक सहयोग (Healthcare Financial Assistance, HFA) नीतिको Bon Secours अस्पतालहरूको सारांश हो।

## आर्थिक सहयोगको उपलब्धता

आर्थिक सहयोगको लागि योग्यता बिरामी वा उसको/उनको ग्यारेन्टीकर्ताले सबै उपलब्ध स्रोतहरू प्रयोग गरिसकेपछि र सबै उपलब्ध सहयोग कार्यक्रमहरूको मूल्याङ्कन गरिसकेपछि भुक्तानी गर्ने क्षमताद्वारा निर्धारण गरिन्छ। Bon Secours Mercy Health अस्पतालहरूद्वारा सेवा प्रदान गर्ने समुदायहरूमा बस्ने, र पारिवारिक आय संघीय गरिबी मार्गनिर्देशनहरू (Federal Poverty Guidelines, FPG) को चार दोब्बर भन्दा बढी नभएका बीमा नगरिएका र कम बीमा गरिएका बिरामीहरूलाई Bon Secours Mercy Health अस्पतालहरू (र केही अन्य प्रदायकहरू) द्वारा प्रदान गरिएको आकस्मिक र अन्य मेडिकल रूपमा आवश्यक स्याहारको लागि आर्थिक सहयोग उपलब्ध छ।

## योग्यताका आवश्यकताहरू

सामान्यतया आर्थिक सहयोग FPG को आधारमा कुल घरपरिवारको आयको स्लाइडिङ स्केलद्वारा निर्धारण गरिन्छ। हाम्रो नीति अन्तर्गत 200% FPG वा सोभन्दा कम आम्दानीको स्तर भएको व्यक्तिहरू आर्थिक सहयोगको लागि योग्य हुन्छन् र नि:शुल्क स्याहार पाउँछन्। 201% देखि 300% FPG, र 301% देखि 400% FPG सम्मको आम्दानीको स्तर भएका व्यक्तिहरूले, क्रमशः, नीतिमा उल्लेख गरिए बमोजिम, स्लाइडिङ स्केलमा आधारित छुट स्याहार प्राप्त गर्छन्। 201% देखि 300% FPG, र 301% देखि 400% FPG को लागि विशिष्ट प्रतिशत छुटहरू, चार्ज मास्टरमा भएका परिवर्तनहरू अनुरूप प्रत्येक बजारको लागि आय स्तरहरू वार्षिक रूपमा अपडेट हुन्छन्।

HFA नीति अन्तर्गत आर्थिक सहयोगको लागि योग्य व्यक्तिलाई आकस्मिक वा अन्य मेडिकल रूपमा आवश्यक स्याहारको लागि सामान्यतया यस्तो स्याहार कभर गर्ने बीमा भएका व्यक्तिहरूलाई बील गरिने रकमभन्दा बढी शुल्क लगाइने छैन। यदि कुनै व्यक्तिसँग स्याहारको लागि भुक्तानी गर्न पर्याप्त बीमा कभरेज वा सम्पत्तिको लागि उपलब्ध सम्पत्तिहरू भएमा, उसलाई आर्थिक सहयोगको लागि अयोग्य मानिनेछ। HFA नीतिमा व्याख्या गरिएको कुनै पनि आर्थिक सहयोग छुटको लागि योग्य नहुने बीमा नगरिएका बिरामीहरूका लागि, Bon Secours Mercy Health ले तिनीहरूको अस्पतालको बीलहरूमा स्वचालित (स्व-भुक्तानी) छुट विस्तार गर्दछ। पूर्ण व्याख्याको लागि कृपया HFA को पुरा नीति हेर्नुहोस्।

## आवेदन प्रक्रियाको बारेमा

हाम्रो HFA नीति अन्तर्गत आर्थिक सहयोगको लागि आवेदन गर्ने प्रक्रियामा यी चरणहरू समावेश छन् :

- HFA आवेदन फारम भर्नुहोस् र आवश्यक सहयोगी कागजातहरू समावेश गर्नुहोस्।
  - हामी तपाईंको लागि उपलब्ध सहयोगको स्तर निर्धारण गर्न तपाईंको आम्दानी र परिवारको आकार हेर्छौं। हामीले माथि उल्लिखित FPG मा आधारित स्लाइडिङ स्केल प्रयोग गर्छौं।
  - हामीले तपाईंको लागि तपाईंको स्याहार (जस्तै कामदारको क्षतिपूर्ति, अटोमोबाइल बीमा, आदि) कभर गर्ने कुनै प्रकारको बीमा लाभहरूको लागि योग्यता अन्वेषण गर्नुपर्ने हुन्छ। हामी तपाईंलाई उपयुक्त स्रोतहरू तर्फ निर्देशित गर्न सहयोग गर्न सक्छौं।
- तपाईं हाम्रो HFA नीति अन्तर्गत आर्थिक सहयोगको लागि योग्य हुनुहुन्छ कि हुनुहुन्न भनेर भन्नको लागि हामी तपाईंलाई सम्पर्क गर्नेछौं।
- हामी तपाईंलाई हाम्रो HFA नीति अन्तर्गत नपरेका कुनै पनि बाँकी शुल्क वा बीलहरूको भुक्तानी योजना मिलाउन सहयोग गर्न सक्छौं।
  - तपाईंले व्यवस्थापन गर्न सक्ने भुक्तानीहरू सेट गर्नको लागि भुक्तानी योजनाले तपाईंको आर्थिक अवस्थालाई विचार गर्नेछ।

## जानकारी कहाँबाट प्राप्त गर्ने

तपाईंले हाम्रो HFA नीति (HFA Policy) र HFA आवेदन फारम (HFA Application Form)को प्रतिलिपिको साथै, आर्थिक सहयोग आवेदन प्रक्रियाको बारेमा निम्न मार्फत जानकारी प्राप्त गर्न सक्नुहुन्छ : (i) हाम्रो वेबसाइट www.bsmhealth.org/financial-assistance, र www.fa.bonsecours.com, वा मा गएर (ii) टेलिफोनद्वारा 1-877-342-1500 मा Patient Financial Services लाई सम्पर्क गरेर, (iii) Bon Secours Mercy Health Financial Aid, P.O. Box 631360, Cincinnati OH 45263-1360 लाई अनुरोध पत्राचार गरेर, वा (iv) हाम्रो कुनै पनि अस्पतालका स्थानहरू (सुविधा र ठेगानाहरूको पूर्ण सूचीको लागि HFA नीति हेर्नुहोस्) मा व्यक्तिगत रूपमा हाम्रा आर्थिक सल्लाहकारहरूलाई सम्पर्क गरेर।

हामी हाम्रो HFA नीति, आवेदन फारम, र ती जनसंख्याहरूले बोल्ने प्राथमिक भाषाहरूमा यो सारांशको प्रतिलिपिहरू अनुवाद गरेर अङ्ग्रेजीमा सीमित दक्षता भएका Bon Secours Mercy Health द्वारा सेवा प्रदान गर्ने सबै महत्त्वपूर्ण जनसंख्याहरूलाई समायोजन गर्छौं। हामी अनुवाद सहायकहरू, अनुवाद गाइडहरू, वा योग्य द्विभाषी दोभाषेहरू प्रयोग गरेर सहयोग प्रदान गर्न पनि छनौट गर्न सक्छौं।